बैठक नं. ४४
आ.व.२०८१।०८२

मिति : २०८१।०७।१३
समय : दिउँसो १:०० वजे
स्थान : नगरपालिकाको कार्यालय

आज मिति २०८१।०७।१३ गतेका दिन यस घोडाघोडी नगरपालिकाका नगर प्रमुख श्री खडक बहादुर रावत ज्यूको अध्यक्षतामा तपशिलको उपस्थितीमा नगरकार्यपालिकाको वैठक वसी निम्न बमोजिमका प्रस्तावहरु माथि छलफल गरि निम्नानुसारको निर्णय गरियो ।

उपस्थिती :

१) नगर प्रमुख श्री खडक बहादुर रावत
२) नगर उप–प्रमुख श्री गुलिया कुमारी चौधरी
३) वडा नं. १वडा अध्यक्ष श्री घनश्याम ओझा
४) वडा नं. २ वडा अध्यक्ष श्री लक्ष्मी प्रसाद चौधरी
५) वडा नं. ३ वडा अध्यक्ष श्री कृष्ण प्रसाद गौतम
६) वडा नं. ४ वडा अध्यक्ष श्री भरत बहादुर शाही
७) वडा नं. ५ वडा अध्यक्ष श्री लोक वहादुर चन्द
८) वडा नं. ६ वडा अध्यक्ष श्री धन बहादुर चौधरी
९) वडा नं.७ वडा अध्यक्ष श्री जुगराम डगौरा
१०) वडा नं. ८ वडा अध्यक्ष श्री विर बहादुर साउँद
११) वडा नं. ९ वडा अध्यक्ष श्री हरिचन्द्र शाह
१२) वडा नं. १०वडा अध्यक्ष श्री विजय राज स्वार
१३) वडा नं. ११वडा अध्यक्ष श्री दान सिंह जोगी
१४) वडा नं. १२ वडा अध्यक्ष श्री राम दुलारे चौधरी
१५) नगरकार्यपालिका सदस्य (वडा नं. २) श्री गिता सुनार
१६) नगरकार्यपालिका सदस्य (वडा नं. ३) श्री विस्ना देवी डगौरा
१७) नगरकार्यपालिका सदस्य (वडा नं. ६) श्री कमला कुमारी वि.क. चुनारा
१८) नगरकार्यपालिका सदस्य(वडा नं. ८) श्री भवीसरा भण्डारी
१९) नगरकार्यपालिका सदस्य (वडा नं. १०) श्री मिना कुमारी वि.क.
२०) नगरकार्यपालिका सदस्य(वडा नं. ३) श्री भक्त बहादुर वि.क.
२१) नगरकार्यपालिका सदस्य (वडा नं. ४) श्री टेकेन्द्र बहादुर नेपाली
२२) नगरकार्यपालिका सदस्य (वडा नं. १२) श्री आकाश परियार
२३) नगरकार्यपालिका सचिव श्री शिव सिंह भण्डारी
२४) आमन्त्रित सदस्य (माईन्युट लेखन) श्री छविलाल विनाडी
२५ ,, खर्गेन्द्र बहादुर विष्ट,

CamScanner

घोडाघोडी नगरपालिकाको आ.व.२०८१।०८२ बैठक नं ४४ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णयहरु
बैठक मिति : २०८१।०७।१३ समय : दिउँसो १:०० बजे
बैठकको अध्यक्षता : नगर प्रमुख श्री खडक बहादुर रावत

| |
|---|
| प्रस्तावहरु :<br>१) नदीजन्य पदार्थको ठेक्का सम्बन्धमा ।<br>२) सुरक्षित अवास परियोजना संचालनका लागि वडा छनौट सम्बन्धमा ।<br>३) नेपाल नगरपालिका संघको प्रशासनिक भवन निर्माणको लागि अनुदान सहयोग सम्बन्धमा ।<br>४) प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।<br>५)आर्थिक सहयोग, उपचार तथा काजक्रिया खर्च सम्बन्धमा ।<br>६) विविध । |
| निर्णयका कानुनी आधार : स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्य सम्बद्ध ऐन कानुनहरु |
| निर्णयहरु :<br>निर्णय नं. १. प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा घोडापोडी नगरपालिकाको आ.व. २०८१।०८२को आन्तरिक आय तर्फ नदिजन्य पदार्थको ठेक्का आह्वान गरिएकोमा ३ पटक सम्म ठेक्का आह्वानको सूचना प्रकाशित गर्दा समेत कुनै पनि ठेकेदार कम्पनीले ठेक्का प्रकृयामा भाग नलिएको र सो सम्बन्धमा प्राविधिक टोलीको प्रतिवेदन र IEE गर्ने परामर्शदाताको प्रतिवेदन बमोजिम दैनिक उत्खनन अधिकतम ३०० घनमिटर भन्दा बढी उत्खनन गर्न नपाइने गरी ठेक्का गर्नु पर्ने प्रावधान बमोजिम नदिजन्य पदार्थको ठेक्का लगाउने अवधि असोज महिना देखि जेष्ठ मसान्त भएकोमा हालसम्म ठेक्कामा नगएकोले असोज देखि मंसिर १५ सम्मको ७५ दिनको अवधि घटाई पुनः सो अवधिको दैनिक ३०० घन मिटरका हिसावले हुने परिमाण घटाइ बाँकी हुन आउने नयाँ परिमाणका हिसावले ठेक्का प्रकृया गर्नका लागि कार्यपालिकामा सिफारिस गर्ने राजश्व परामर्श समितिको बैठकको निर्णय बमोजिम ठेक्का प्रक्रिया अगाडी बढाउनका लागि कार्यालयलाई निर्देशन दिने र IEE भएका नदिहरुवाट नदिजन्य पदार्थको विक्री कर संकलनको लागि छुट्टाछुट्टै ठेक्का सुचना प्रकाशन गरि ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो। |
| निर्णय नं. २. प्रस्ताव नं. २ माथि आवश्यक छलफल गर्दा Habitat for Humanity Nepalको सहयोगमा यस घोडाघोडी नगरपालिका वडा नं. ५,७ र १२ मा सुरक्षित आवास परियोजना अन्तर्गत विपन्न वर्ग समुदायका प्रति वडा ६/६ घरधुरी गरि जम्मा १८ घरहरुको लागत साझेदारी अनुसारको रकम म्याचिङ्ग योजना कार्यक्रम शिर्षकबाट खर्च गर्ने गरि निर्माण गर्ने निर्णय गरियो । |
| निर्णय नं. ३. प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा नेपाल नगरपालिका संघले केन्द्रिय कार्यालयको आफ्नो प्रशासनिक भवन निर्माणको लागि अनुदान सहयोग माग गरेकाले नेपाल नगरपालिका संघको प्रशासनिक भवन निर्माणका लागि रु ५,००,०००। अनुदान सहयोग गर्ने निर्णय गरियो । |
| निर्णय नं. ४. प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा घोडाघोडी नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा सूचिकृत भएका बेरोजगार व्यक्तिहरूमध्ये प्राथमिकता क्रमको आधारमा प्रधानमन्त्री रोजगार कार्यक्रम नेपाल सरकार स्रोत अन्तर्गत ४५ जना र युवा रोजगारीका लागि रूपान्तरण पहल परियोजना अन्तर्गत ४० जना ( ५० दिन कोकार्यस्थलमा आधारित सीपमूलक तालिम र ५० दिनको सार्वजनिक विकास निर्माण आयोजना) व्यक्तिहरुलाई १०० दिन बराबरको रोजगारीमा संलग्न गराउन बेरोजगार व्यक्तिहरू सूचीबाटप्राथमिकताक्रमको आधारमा छनोट गरी १०० दिन बराबरको रोजगारीमा खटाउने निर्णय गरियो। |
| निर्णय नं ५. प्रस्ताव नं.५. माथि आवश्यक छलफल गर्दा नगरपालिकामा आर्थिक सहयोग, उपचार खर्च,काजक्रिया खर्च मागको लागि पेश हुन आएका मागपत्र निवेदनहरुका सम्बन्धमा देहाय अनुसार आर्थिक सहायता,उपचार खर्च तथा काजक्रिया खर्च उपलब्ध गराउने निर्णय गरियो ।<br>तपशिल: |

| सि .न | विवरण | सहयोगको प्रकार | रकम रु |
|---|---|---|---|
| १ | नेपाल केम्पो खुकुरी मार्शल आर्ट संघलाई चौथो राष्ट्रिय केन्पो मार्शल आर्ट च्याम्पियनशीप प्रतियोगिता संचालन सहयोग | आर्थिक सहयोग | ५०,०००। |